स्वीकृत मितिः २०८२/०७/१७

## वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड,२०८२

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेश सरकारबाट कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत सुदुरपश्चिम प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा १२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड ,२०८२" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा, -

(क) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन,२०७६ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रालय र मातहतका कार्यालय सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ ।

(घ) "कृषि व्यवसाय" भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन तथा पालन सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

# परिच्छेद-२

## कार्यक्रम सञ्चालनका मापदण्ड

### ३. साझेदारी संस्थाको सहकार्यमा साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम

**(१) परिचय:** साना तथा युवा कृषकहरुको संलग्नतामा कृषि क्षेत्रमा आधुनिकिकरण, व्यवसायिकरण तथा यान्त्रीकरण मार्फत उद्यमशिलता विकास गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य:**

(क) व्यवसायिक कृषि फर्महरु प्रवर्द्धन गर्नु ।

(ख) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।

(ग) कृषि यान्त्रिकरण प्रवर्द्धन गर्नु ।

**(३)लक्षित वर्ग :** न्यूनतम पहाडमा एक रोपनी र तराईमा एक कठ्ठा जमिनमा खेती गर्ने साना तथा युवा कृषक

**(४)प्रमुख सम्भावित साझेदारहरु:** स्थानीय तह, सरकारी तथा गैर सरकारी संस्थाहरु

**(५)अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

**(६)कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) केन्द्रले कार्यक्रम कार्यान्वयन गर्दा नियमावली बमोजिम सुचना प्रकाशन गरी साझेदार छनौट गर्नेछ। त्यस पश्चात कार्यक्रमको लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालनका शर्त तथा सञ्चालन प्रक्रिया सम्बन्धी विस्तृत रुपमा उल्लेख गरी कार्यालयले साझेदारसँग सम्झौता (MOU) गरी प्रचलित कानुन बमोजिम कार्यक्रम सञ्चालन गरीनेछ ।

(ख) केन्द्र, स्थानीय तह र गैर सरकारी संघ संस्था बीच त्रिपक्षीय सम्झौता गरी गत आ.व. मा सञ्चालन हुदै आएको कार्यक्रमलाई निरन्तरता दिनको लागि सूचना प्रकाशन गर्न आवश्यक हुने छैन।

(ग) साझेदारबाट लगानी हुने रकमको सुनिश्चितताको लागि केन्द्रले प्रमाणित हुने कागजपत्र माग गर्न सक्नेछ

### ४. साझेदारीमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम

**(१) परिचय:** कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकिकरण, व्यवसायिकरण, औद्योगिकरण तथा यान्त्रीकरण गरी कृषकलाई उद्यमी बन्नका लागि प्रदेश सरकार, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य :**

(क) व्यवसायिक कृषि फर्महरु प्रवर्द्धन गर्नु ।

(ख) कृषि पुर्वाधार विकास तथा यान्त्रिकरण प्रवर्धन गर्नु ।

(ग) कृषिजन्य उद्योग स्थापना तथा प्रवर्द्धन गर्नु ।

**(३) सम्भावित साझेदारहरु:** स्थानीय तह, सरकारी तथा गैर सरकारी संस्थाहरु, सहकारीहरु, फर्म/कम्पनी/प्रशोधन उद्योग ।

**(४)अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयले सञ्चालन गर्ने अनुदान कार्यक्रम नियमावली बमोजिम गर्नु पर्नेछ ।

**(५) सञ्चालन गर्ने कार्यक्रमः**

(क) व्यवसायिक फार्मको स्थापना/सुदृढीकरण

(ख) कृषि,पशुपन्छी तथा मत्स्य उत्पादन, उपज ढुवानी, संकलन, ग्रेडिङ्ग, प्रशोधन, प्याकेजिङ्ग, लेबलिङ्ग, ब्राण्डिङ्ग, बजारीकरण

(ग) बजार पूर्वाधार तथा प्रशोधन उद्योग स्थापना तथा प्रवर्द्धन

(घ) उत्पादित वस्तुको मूल्य श्रृखंला विकास सम्बन्धी कृषि औजार, उपकरण तथा पूर्वाधार

**(६)कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) कार्यालयले कार्यक्रम कार्यान्वयन गर्दा नियमावली बमोजिम सुचना प्रकाशन गरी साझेदार छनौट गर्नेछ।

(ख) कार्यालयले लागत अनुमान तयार गरी साझेदारसँग प्रचलित कानुन बमोजिम सम्झौता गर्नेछ ।

(ग) साझेदारबाट लगानी हुने रकमको सुनिश्चितताको लागि कार्यालयले प्रमाणित हुने कागजपत्र माग गर्न सक्नेछ ।

## ५. <u>युवा लक्षित कार्यक्रम</u>

**(१) परिचयः** युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न र उनीहरुलाई ब्यवसायिक कृषि मार्फत पनि स्वरोजगारी श्रृजना गरी पारिवारिक सम्वृद्धि ल्याउन सकिन्छ भन्ने विश्वास दिलाउन यो कार्यक्रम सञ्चालन गरीनेछ ।

**(२) उद्देश्यः**

(क) युवालाई कृषि पेशामा आकर्षित गर्नु ।

(ख) कृषि पेशा शुरु गरेका युवाहरुलाई ब्यवासायिक कृषि गर्न प्रोत्साहन गर्नु ।

(ग) कृषिमा युवाहरुका लागि स्वरोजगारी श्रृजना गर्नु ।

**(३)लक्षित वर्गः** युवा कृषकहरु ।

**(४) सञ्चालन गरिने कार्यक्रमहरु :**

(क) आलु, तरकारी र मसला बालीको खेती

(ख) च्याउ उत्पादन

(ग) मौरी पालन

(घ) फलफूल तथा पुष्प खेती

**(५)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) दुर्गम क्षेत्रका युवाहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) साना स्तरमा कृषि कार्यमा संलग्न युवालाई व्यवसायिक कृषिका लागि प्रोत्साहन गरीनेछ ।

(ग) लाभग्राही कृषि कार्य गरीरहेको वा गर्न चाहने हुनु पर्नेछ ।

**(६)अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयले सञ्चालन गर्ने अनुदान कार्यक्रम नियमावली बमोजिम गर्नु पर्नेछ

## ६. कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरुको उद्यमशिलता विकास सहयोग

**(१)परिचय:** कृषि तथा भेटेरीनरी अध्ययन गरेका बेरोजगार युवाहरुलाई रोजगारीको अवसर सिर्जना गराउनका साथै विदेश गई फर्किएका कृषि तथा पशुपालन पेशा गर्न चाहने कृषकहरुलाई सहयोग गरी व्यवसायिकरणमा टेवा पुर्याउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)उद्देश्य:**

(क) कृषि, भेटेरीनरी एवं मत्स्य विषय अध्ययन गरेका बेरोजगार युवालाई सम्बन्धित पेशामा संलग्न गराई स्वरोजगारी सिर्जना गर्न सहयोग पुर्याउनु ।

(ख) विदेशबाट फर्की कृषि तथा पशुपालन पेशा गर्न चाहने कृषकहरुलाई सहयोग गर्ने ।

**(३) लक्षित वर्गः** कृषि वा भेटेरीनरी वा मत्स्य अध्ययन गरेका बेरोजगार युवा र विदेशबाट फर्किएका युवा कृषकहरु

**(४) प्रमुख क्रियाकलापहरु:**

(क) प्लाष्टिक टनेलभित्र व्यवसायिक तरकारी खेती

(ख) खुला जमिनमा तरकारी खेती

(ग) फलफूल बगैचा स्थापना

(घ) नविनतम प्रविधि सहितको व्यवसायिक खाद्यान्न/तरकारी/फलफूल/मसला/पुष्प खेती

(ङ) मौरीपालन

(च) च्याउ खेती

(छ) व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन

(ज) पशुपन्छीपालनका लागि गोठ/खोर स्थापना

(झ) घाँस खेती

**(५)अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

**(६)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) आवेदक बेरोजगार युवाको न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए (कृषि विज्ञान वा पशु विज्ञान वा पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि/पशुपालन/पशु स्वास्थ्य विषय लिई टि.एस.एल.सी. उत्तीर्ण गरेको वा CTEVT को तालिम लिई लेबल २ को प्रामाणपत्र प्राप्त भएको हुनु पर्नेछ ।

(ख) विपन्न वर्ग तथा समुदायका युवालाई प्राथमिकता दिइनेछ ।

(ग) कृषि तथा पशुपन्छीपालनमा संलग्न युवालाई प्राथमिकता दिइनेछ ।

(घ) विदेशबाट फर्किएको प्रमाण जनाउने काजगात वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

## ७. <u>शीत भण्डारमा राखेको कृषि उपजको भण्डारण शुल्कमा अनुदान</u>

**(१)परिचयः** सिजनमा अधिक उत्पादन भएर कृषि उपज खेर जाने र न्युन बजार मुल्य पाउने तथा बेमौसमि समयमा सोहि उपजको बजार मुल्य आकाशिने अवस्था सुदुरपश्चिम प्रदेशमा समय समयमा देखिदै आएको छ ।

**(२) उद्देश्य :**

(क) कृषकलाई शित भण्डारको प्रयोग गरी कृषि उपजको सुरक्षित भण्डारण गर्न प्रोत्साहन गर्ने,

(ख) बजार मुल्य सन्तुलन गर्ने,

(ग) कृषि उपजको उत्पादन उपरान्तको क्षति न्युनिकरण गर्ने ।

**(३)लाभान्वित वर्ग** : कृषक, समुह, सहकारी, निजी फर्म ।

**(४)अनुदान प्रतिशत र अधिकतम सीमा**ः सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०७९ बमोजिमको उपसमितिले निर्णय गरी जिल्ला अनुसारको प्रचलित शित भण्डारमा लाग्ने भण्डारण शुल्कमा अधिकतम ५० प्रतिशत सम्म अनुदान प्रदान गर्न सक्नेछ ।

**(५)न्यूनतम मापदण्डः**

(क) यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषकले सम्बन्धित कार्यालयमा आफुले भण्डारण गर्ने उपजको विवरण सम्बन्धी जानकारी खुलाई अनुदानका लागि आवेदन दिए पश्चात कार्यालयले बार्षिक बजेटको परिधि भित्र रहि कृषकलाई अनुदान प्रदान गर्ने विषयमा जानकारी गराउनु पर्नेछ ।

(ख) कृषकले आफुलाई पायक पर्ने शित भण्डारमा आफ्नो कृषि उपज भण्डारण गरी अनुदान रकम माग गर्न सक्नेछन् ।

## ८. <u>किसान सूचीकरण सहयोग कार्यक्रम</u>

**(१)परिचयः** किसान सूचीकरण कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित गर्ने उदेश्यका साथ स्थानीय तहहरुमा भै रहेको किसान सूचीकरण कार्यक्रमलाइ थप टेवा पुराउने उद्देश्यका साथ किसान सूचीकरण कार्यक्रम कार्यान्वयन सहयोग कार्यक्रम संङ्घीय सरकारको सहयोगमा स्थानीय तह मार्फत सञ्चालनमा रहेको छ । केही स्थानीय तहहरुमा संघीय सशर्त बजेट न्यून हुदा समयमै किसान सूचीकरण कार्यक्रम संपन्न गर्न नसकिने हुदा स्थानीय तहलाई किसन सूचीकरणमा थप सहयोग गर्न यो कार्यक्रम सञ्चालन गरीनेछ ।

**(२)उद्देश्यः** किसान सूचीकरण कार्यलाई छिटो तथा प्रभावकारी बनाउन सङ्घ तथा स्थानीय तहलाई सहयोग गर्नु

**(३)लक्षित वर्गः** स्थानीय तह, किसान सूचीकरण कार्यका लागि नियुक्त भएका गणकहरु

**(४)प्रमुख क्रियाकलापहरु**

(क) स्थानीय तहबाट गत आर्थिक वर्ष नियुक्त भएका गणकहरुलाई अपुग हुने पारिश्रमिक र संचार सुविधा

(ख) नयाँ नियुक्त गणकहरुका लागि अभिमुखिकरण

(ग) प्रगति समिक्षा तथा पुनर्ताजगी गोष्ठी

(घ) किसान सूचीकरण कार्यक्रमको अनुगमन तथा रिपोर्टिङ्ग

(ङ)किसान सूचीकरण कार्यको रिपोर्टिङ्गका लागि आवश्यक ल्यापटप, प्रिन्टर तथा फारम छपाई

**(५)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) स्थानीय तहहरुले सङ्घीय सरकारबाट प्राप्त सशर्त बजेटबाट गणकहरुलाई प्रदान गर्ने सेवा सुविधा अपुग भएको प्रमाण पेश गरी थप बजेट आवश्यकताका लागि कृषि ज्ञान केन्द्र मार्फत निर्देशनालयमा लिखित जानकारी गराउनु पर्नेछ । यस थप बजेट माग गर्दा संघीय सरकारबाट शसर्त हस्तान्तरण भएको खर्च भईसकेको खर्चको फाँटवारी समेत पेश गर्नु पर्नेछ ।

(ख) गणकहरुले भरेको आवेदनहरुको परिमाणका आधारमा सम्बन्धित स्थानीय तहको सिफारिसमा गणकहरुलाई पारिश्रमिक र संचार सुविधा भुक्तानी दिइनेछ ।

(ग) सङ्घीय कार्यविधि बमोजिमको पारिश्रमिक र संचार सुविधा अधिकतम मासिक रु १००० प्रति गणक उपलब्ध गराउन सकिनेछ ।

## ९. राष्ट्रिय कृषि सर्वेक्षणका लागि तथ्याङ्क संकलन कार्यमा सहजिकरण

**(१)परिचय** : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौको अगुवाईमा सञ्चालन भइरहेको राष्ट्रिय कृषि सर्वेक्षणमा सहकार्य गर्न यो कार्यक्रम कार्यान्वयन गरिएको छ ।

**(२) सञ्चालन गर्न सकिने क्रियाकलापहरु :**

(क) स्थानीय तहका फोकल व्यक्ति, गणकहरुसँग अन्तरक्रिया गोष्ठी

(ख) कृषि सर्वेक्षण कार्यको अनुगमन

(ग) जिल्ला स्थिति कार्यालयको फोकल व्यक्तिका लागि ट्याबलेट खरीद

## १०. पर्यटकीय स्थल भएका क्षेत्र लक्षित कृषि उत्पादन कार्यक्रम

**(१)परिचयः** सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय स्थललाई लक्षित गरी पर्यटकीय स्थल आसपासका क्षेत्रमा कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)सञ्चालन गर्न सकिने क्रियाकलापहरु :**

(क) स्थानीय तथा रैथाने उपज उत्पादन

(ख) होम स्टेमा स्थानीय परिकार तथा उपजहरुको बजारीकरण तथा प्रवर्द्धन

(ग) स्थानीय तथा रैथाने उपजहरुको संरक्षण तथा संवर्द्धन

**(३)अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

## ११. राष्ट्रिय फल सुन्तला प्रवर्द्धन कार्यक्रम

**(१)परिचय** : नेपाल सरकारले सुन्तलालाई राष्ट्रिय फलको रुपमा घोषणा गरिसकेको छ । सुन्तलाको व्यवसायिक उत्पादन मार्फत स्थानीय उत्पादन वृद्धि गर्दै सुन्तालको आयातलाई प्रतिस्थापन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)सञ्चालन गर्न सकिने क्रियाकलापहरु :**

(क) गुणस्तरीय तथा स्वस्थ वेर्ना उत्पादनका लागि निजी नर्सरीहरुलाई सहयोग

(ख) सुन्तलाजात फलफूलको व्यवसायिक बगैचा स्थापना मार्फत क्षेत्र विस्तार

(ग) बजारीकरण सहयोग

(घ) सिट्रस ग्रिनिङ्ग रोगको निःशुल्क परिक्षण

(ङ) नविनतम प्रविधि प्रदर्शन

**(३) अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

## १२. <u>खेती योग्य बाझो जमिन सदुपयोग/विकास साझेदारसँगको सहकार्यमा करार खेती कार्यक्रम</u>

**(१)परिचयः** सुदूरपश्चिम प्रदेशमा बसाई सराई, रोजगारीका लागि युवाहरुको विदेश पलायन तथा कृषि कामदारको कमीका कारण खेती योग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढी रहेको छ । खाद्यान्नमा आत्मनिर्भर हुन खेतीयोग्य जमिनमा खेती गर्न प्रोत्साहन गरेर उत्पादन गर्नका लागि नेपाल सरकारले बोझो जमिनमा खेति गर्न प्रोत्साहन गर्ने नीति अनुरुप वर्षैदेखि बाँझो रहेका खेतीयोग्य जमिनमा सिमल तरुल, अदुवा/बेसार, खुर्सानी, फलफूल, कफी, घाँस, आदि खेती गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)उद्देश्यः**

(क) खेतीयोग्य बाँझो जमिनमा खेती गरेर कृषि बाली वस्तुको उत्पादन वृद्धि गर्नु ।

(ख) विपन्न वर्गका तथा पिछडिएका समुदायका युवाहरुलाई बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरेर उनीहरुको आम्दानी बृद्धि गर्नु ।

(ग) खाद्य तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउनु ।

**(३)लक्षित वर्गः** विपन्न वर्गका युवा कृषक, कृषक समुह, सहकारी

**(४)प्रमुख क्रियाकलापहरुः**

(च) खेतीयोग्य बाँझो जमिनमा खेती गर्न जमिनको भाडामा अनुदान

(छ) खेती योग्य बाँझो जमिनमा सिमल तरुल, अदुवा/बेसार, खुर्सानी, फलफूल, कफी, घाँस, उच्च मूल्य बाली, आदि खेती

(५) अनुदान प्रतिशत र अधिकतम सीमाः

| विवरण | लक्षित वर्ग | अनुदान रकम |
|---|---|---|
| जग्गा भाडामा अनुदान | विपन्न समुदाय वा वर्गका युवा कृषक, कृषि समूह, सहकारी, कृषि फर्म | जग्गा धनीसँग गरीएको सम्झौता रकमको ५० प्रतिशत |
| व्यवसायिकतरकारी/फलफूल/आलु/मसला बाली/खाद्यन्न बाली/दलहन बाली/उच्च मूल्य बाली खेती | युवा कृषक, समुह, सहकारी | नियमावली अनुसार |

(६)न्यूनतम मापदण्डः

(क) प्रति परिवार तराईमा ५ कठ्ठा भन्दा कम र पहाडमा ३ रोपनी भन्दा कम जग्गा भएको युवालाई विपन्न युवा मानिनेछ ।

(ख) भूमीहिनका हकमा वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(ग) जमिन भाडामा लिएको जमिनको जग्गा धनी पुर्जा र नोटरी सहितको सम्झौता पत्रको प्रतिलिपि सम्बन्धित कार्यालयमा पेश गर्नु

(घ) यस कार्यक्रम अन्तरगत तराईमा बढीमा ५ विघा र पहाडमा ५० रोपनी जमिनको भाडामा अनुदान दिन सकिने ।

१३. **Large Plot Demonstration सञ्चालन/नविनतम प्रविधि प्रदर्शन कार्यक्रम**

**(१)परिचय;**उन्नत कृषि प्रविधि कृषकहरु समक्ष पुऱ्याउन, उन्नत कृषि प्रविधिलाई सबैले प्रत्यक्ष रुपमा देख्न सक्ने गरी प्रविधि प्रदर्शन गर्न र कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहन गर्नका लागि यस प्रदेशका सबै जिल्लामा विभिन्न बालीहरुको Large Plot Demonstration/नविनतम प्रविधि सञ्चालन गर्न आवश्य छ ।

**(२) उद्देश्य**

(क) उन्नत कृषि प्रविधिलाई बृहत रुपमा प्रदर्शन गर्नु ।

(ख) उन्नत तथा उपयुक्त कृषि प्रविधिलाई कृषक समक्ष पुऱ्याउनु ।

(ग) कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहन गर्नु ।

(घ) कृषि प्रविधिको पहुँच नपुगेका वा कम पुगेका समुदायमा कृषि प्रविधि पऱ्याउने ।

**(३) प्रमुख क्रियाकलापहरुः** तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) प्रदर्शन सञ्चालन गरीने उपयुक्त जमिन छनौट।

(ख) बालीको Package of Practice अनुसार प्रदर्शन सञ्चालन।

(ग) कृषकहरु र सरोकारबालाहरुलाई प्रदर्शन स्थल अवलोकन गराउने।

(घ) कार्यक्रम सञ्चालनदेखि उत्पादनसम्म तथ्याँक संकलन गर्ने ।

(ङ) उपलब्धी बारे जानकारी गराउने ।

**(४)अनुदान प्रतिशत र अधिकतम सीमाः**कार्यालयबाट सञ्चालन हुने प्रविधि प्रदर्शन कार्यहरु पूर्ण रुपमा सरकारी लगानीमा सञ्चालन हुनेछन् । कार्यक्रमका लागि स्वीकृत बजेट सीमाभित्र रही बाली अवधीभरी आवश्यक सामग्रीहरु तथा प्रविधिहरुको लागत अनुमान कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्नेछ ।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कार्यालयले उपयुक्त स्थानमा प्रदर्शन स्थल छनौट गर्नु पर्नेछ ।
(ख) बालीको Package of Practice अनुसार प्रदर्शन सञ्चालन गर्नु पर्नेछ ।
(ग) कार्यालयले उपलब्ध गराउने उत्पादन सामग्रीहरु तथा प्रविधि बाहेकका कृषि कर्महरु लाभग्राही स्वयमले वेहोर्नु पर्नेछ ।

## १४. उत्पादित कृषि वस्तु उत्पादन स्थलदेखि बजारसम्म ढुवानी सहयोग

(१) **परिचय :** कृषि उत्पादन स्थल छरिएर रहनुका साथै कृषि उत्पादन सिजनल हुने र छोटो अवधिसम्म मात्र भण्डारण गर्न सकिने हुन्छन् । बढी उत्पादन हुने सिजनमा कृषि उपजहरु स्थानिय बजारमा खपत हुन नसकी बजारीकरण हुन नसक्दा कृषकहरुले गरेको मिहेनत खेर जाने अवस्था रहेको छ।

(२) **उद्देश्यः** सिजनमा चाँडो नास हुने कृषि तथा पशुजन्य उपजहरुको बजार स्थलसम्म बजारीकरण गर्न ढुवानी सहयोग गर्नु

(३) **लाभान्वित वर्गः** कृषि उपज बजारीकरण गर्न ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारी

(४) **क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत देहाय अनुसारको बाली/वस्तुको आकस्मिक ढुवानी गरीनेछ ।
चाडो नासवान हुने वस्तुहरु तरकारी, आलु, फलफूल (स्याउ, सुन्तला, मौसमी)

(५) **अनुदानको प्रतिशत र अधितम सीमाः** प्रचलित जिल्ला दररेट अनुसार १०० प्रतिशत ढुवानी अनुदान रकम उपलब्ध गराइनेछ ।

(६) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) बढी उत्पादन भई स्थानिय बजारमा विक्री गर्नमा कठिनाई भएकोले ढुवानीको सिफारिस स्थानिय तहले कार्यालयलाई जानकारी गर्नुपर्नेछ ।
(ख) कृषि उपज बजारीकरण गर्न ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीले आफूले ढुवानी गर्ने वस्तुको परिमाण, प्रमुख बजारका व्यापारीसँगको खरीद सम्झौता लगायत आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ ।
(ग) यस कार्यक्रम अन्तरगत लोड पुग्न कम्तीमा ढुवानी गरीने परिमाण तरकारी, आलु र फलफूलको हकमा **२ टन** उत्पादन हुनु पर्नेछ ।
(घ) जिल्लाको दुर्गम क्षेत्रहरुको उत्पादन लाई पहिलो प्राथमिकता दिनेछ ।
(ङ) ढुवानीमा लागत साझेदारी गर्ने स्थानिय तहको उत्पादनलाई प्राथमिकता दिन सकिनेछ।

## १५. आवश्यक्ता तथा मागका आधारमा कृषकहरुलाई कृषि सामग्री सहयोग

(१) **परिचयः** वार्षिक विकास कार्यक्रम तर्जुमाका क्रममा कृषि प्रसारका विभिन्न कार्यक्रमहरु छुट हुन गएका हुन्छन । सोही विषयलाई मध्यनजर गरी कृषकको माग/प्रस्तावनामा आधारित कृषि कार्यक्रम सञ्चालन गरीनेछ ।

(२) **उद्देश्य :** कृषकको आवश्यकता बमोजिम कार्यक्रम सञ्चालन गरी आय आर्जनमा सहयोग गर्नु

(३) **लाभान्वित वर्ग :** कृषक

(४) **अनुदानको प्रतिशत र अधितम सीमाः** सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ अनुसार बढीमा ५० हजारसम्म

## १६. उत्पादित कृषि वस्तु ढुवानी तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स

**(१) परिचयः** किसानले उत्पादन गर्ने तरकारी, फलफूल, दुग्ध जन्य, मासु जन्य, जिउँदो माछा जन्य तथा अन्य नाशवान् कृषि उपजहरूको प्रशोधन स्थल, बजार तथा उपभोक्तासम्म पुर्याउन, प्रशोधन स्थलमा उत्पादित कृषि वस्तु उपभोक्तासम्म ढुवानी गर्न, मौरी गोला स्थानान्तरण गर्न र बजारीकरणका लागि ढुवानी समस्या समाधान गर्नुका साथै उत्पादन लागत र नोक्सानी घटाउन उपयुक्त प्रविधि वा सुविधा सहितको कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२)उद्देश्यः**

(क) कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरुको बजारीकरणमा सहयोग पुर्याउनु।

(ख) स्थानीय तथा शहरी क्षेत्रको कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको माग पूर्ती गर्न सहयोग पुर्याउनु।

**(३)लक्षित समुहः** स्थानीय तह, प्रचलित कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषि फर्म, कृषि तथा पशुपन्छी सम्बन्धी सहकारी वा कम्पनी, कृषि सम्बन्धी कारोबार गर्ने कोशेली घर वा हाट/थोक बजार सञ्चालक

**(४)प्रमुख क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्य गरिनेछ :

(क) कृषि एम्बुलेन्स प्रयोजनका लागि Single Cab Pick up गाडी साधन खरीदमा अनुदान ।

(ख) एम्बुलेन्समा आवश्यकता अनुसार उपयुक्त प्रविधि (चिस्यान) वा सुविधा जडान ।

**(५)अनुदान प्रतिशत र अधिकतम सीमाः** कृषि एम्बुलेन्स खरिदका लागि बढीमा पचास प्रतिशतसम्म अनुदान दिइनेछ

**(६)अनुदानग्राही छनौट मापदण्डः**

(क) कृषि उपजहरुको ढुवानी गर्न चार पाङ्ग्रे Single cab Pickup ढुवानी साधन खरिद गर्न सिजनल ८० क्वीन्टल कृषि उपजको करोबार गरेको हुनु पर्नेछ ।

(ख) दुध तथा दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि रेफ्रिजरेटर जडान गरेको सवारी साधन खरिद गर्न दैनिक दुई हजार लिटर दुध संकलन वा दुध तथा दुग्धजन्य पदार्थहरुको विक्री वितरण गरेको हुनु पर्नेछ ।

(ग) मासु तथा मासुजन्य पदार्थ ढुवानी (रेफ्रिजेरेटर जडान सवारी साधन) का लागि हप्तामा न्यूनतम २० क्वीन्टल मासु वा मासुजन्य पदार्थहरु कारोबार गरेको हुनु पर्नेछ ।

(घ) जिउँदो माछा ढुवानीका लागि अक्सजिनेटेड कन्टेनरयुक्त सवारी साधनका लागि हप्तामा न्यूनतम १० क्वीन्टल मत्स्यको कारोबार गरेको हुनु पर्नेछ ।

**(७)अनुदानग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

(क) दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि

(ख) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि/म्याद थप प्रमाण-पत्र प्रतिलिपि

(ग) स्थायी लेखा नम्बर प्रमाण-पत्र प्रतिलिपि

(घ) सहकारी वा सञ्चालक समितिको हकमा निर्णय प्रतिलिपि

(ङ) लागत साझेदारी गरिने रकमको सुनिश्चितता सम्बन्धी बैकको Line of Credit (LoC) वा अन्य कागजात

(च) ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारिस

(छ) कृषि एम्बुलेन्स सञ्चालन प्रतिवद्धता तथा कृषि उपज उपलब्ध गराउने सहमति पत्र

(ज) मापदण्ड अनुसार खेती गरेको वा पशुपन्छी वा माछा पालन गरेको प्रमाण वा सम्बन्धित स्थानीय तह/वडाको सिफारिस

(झ) कृषि/पशुपन्छी/मत्स्य उपज संकलन तथा ढुवानी सम्बन्धी कार्य योजना

**(८) छनौटका लागि प्राथमिकताः** कृषि एम्बुलेन्स खरीद तथा सञ्चालनको लागि प्राथमिकता देहाय अनुसार रहेका छन्ः

(क) स्थानीय तह

(ख) कृषि सहकारी

(ग) कृषि कम्पनी/उद्यमी/फर्म/कृषि सम्बन्धी कारोबार गर्ने कोशेली घर वा हाट/थोक बजार सञ्चालक

**(९) कार्यालयको जिम्मेवारी :**

(क) कृषि एम्बुलेन्स खरिदका लागि प्राप्त आवेदनहरुको कागजात अध्ययन गरी प्रारम्भिक जाँच गर्ने,

(ख) प्रारम्भिक जाँचमा योग्य भएका आवेदनहरुको फिल्ड भेरिफिकेशन गरी अनुदानग्राहीहरुको अन्तिम छनौट गर्ने,

(ग) कृषि एम्बुलेन्सको प्राविधिक स्पेसिफिकेशन तयार, विद्युतीय बोलपत्र आह्वान, मुल्याङ्कन गर्ने,

(घ) अनुदानग्राहीबाट खरिद गरिएका कृषि एम्बुलेन्सको प्राविधिक जाँच तथा हस्तान्तरण गर्ने,

(ङ) कृषि एम्बुलेन्स सञ्चालन सुनिश्चितताका लागि पाँच प्रतिशत धरौटी सम्झौताका बेला जम्मा गर्न लागउने तथा फुकुवा सम्बन्धी कार्य गर्ने,

(च) कृषि एम्बुलेन्स तोकिएको कृषि जन्य कार्यमा प्रयोग भए नभएको र सञ्चालन अवस्थाबारे अनुगमन निरिक्षण गर्ने ।

**(१०) अनुदानग्राहीको जिम्मेवारीः**

(क) कृषि एम्बुलेन्स खरिद कार्यका लागि छनौट भइसकेपछि आफूले बेहोर्नु पर्ने रकम नियमानूसार जम्मा गर्ने,

(ख) कृषि एम्बुलेन्सको हस्तान्तरण पछि नियमित रुपमा सञ्चालन तथा दिगो उपयोग, संरक्षण, मर्मत सम्भार र सम्बर्द्धन गर्ने,

(ग) ढुवानी साधन खरीद पश्चातका कार्यहरु (दर्ता, नामसारी, नविकरण, बिमा, सवारी चालकको व्यवस्थापन, कार्यालयको स्वीकृति अनुसार उपयुक्त प्रविधि वा सुविधा जडान) गर्ने,

(घ) कोष खडा गर्ने, आम्दानी र ढुवानी सम्बन्धी अभिलेख राख्ने र सोको त्रैमासिक तथा वार्षिक प्रगति कार्यालय र सम्बन्धित स्थानीय तहमा जानकारी गराउने,

(ङ) स्थानीय तह, जिल्लास्थित कृषि/पशुपन्छी क्षेत्र हेर्ने कार्यालयसँग समन्वय गरी भाडादर निर्धारण गर्ने ।

**(११) कृषि एम्बुलेन्स सेवा सञ्चालनः** स्थानीय तहले कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि आफै बनाउनु पर्नेछ । कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्दा निम्न कुराको पालन गर्नु पर्नेछः-

(क) स्थानीय तह/सहकारी/फर्म/कम्पनी/सञ्चालकले जिल्ला दररेट, स्थानीय दररेट तथा बजारको प्रचलित दररेटका आधारमा भाडादर निर्धारण वा परिवर्तन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित स्थानीय तह र जिल्लास्थित कृषि, पशु सम्बन्धी कार्य हेर्ने कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

**दुरिका आधारमा भाडादर**

| क्र.सं. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति कि.मि. सदस्यका लागि भाडादर रु. | प्रति कि.मि. गैर सदस्यका लागि भाडादर रु. |
|---|---|---|---|---|---|
| | | | | | |

**तौलका आधारमा भाडादर**

| क्र.सं. | देखि | सम्म | जम्मा तौल (के.जी.) | प्रति के.जी. सदस्यका लागि भाडादर रु. | प्रति के.जी. गैर सदस्यका लागि भाडादर रु. |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) कृषि एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले तोके अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(ग) कृषि एम्बुलेन्स सञ्चालन वाफत कुल आम्दानीको २०% ले हुन आउने रकम मासिक रुपमा छुट्टै कोष खडा गरी बचत गर्नु पर्नेछ ।

(घ) स्थानीय तहको हकमा नगदी रसिदको अभिलेख नियन्त्रण खाता, लगबुक कृषि/पशु शाखामा राखिनेछ । सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालक र कृषि/पशु शाखा प्रमुखको हुनेछ ।

(ङ) कृषि एम्बुलेन्स सेवा बापत उठेको रकम स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसारको कार्यमा मात्र खर्च गर्न पाइनेछ ।

(च) कृषि एम्बुलेन्स सेवा वापत उठेको रकमबाट सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको नियमित मर्मत सम्भार र कृषि एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरीदमा खर्च गरिनेछ ।

(छ) कृषि एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले तोकेको पदाधिकारी र चालकको हुनेछ।

(ज) कृषि एम्बुलेन्स सेवा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी कार्यमा प्रयोग गर्नु पर्नेछ र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका कृषकका कृषि वस्तु ढुवानी गर्न र नाशवान वस्तुको प्रकृतिका आधारमा प्राथमिकरण गर्नु पर्नेछ ।

(झ) कृषि एम्बुलेन्स कम्तिमा १० वर्ष अवधिसम्म स्वामित्व हस्तान्तरण गर्न नपाइने र उक्त अवधि पश्चात स्वामित्व हस्तान्तरण गर्नुपर्ने परिस्थितिमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ञ) अनुदानग्राही स्थानीय तह/सम्बन्धित फर्म/कम्पनी/सहकारी/सञ्चालकले ढुवानी साधन प्रयोग सम्बन्धी अभिलेख नियमित रुपमा तयार गर्नु पर्नेछ ।

## १७. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि साझेदारी कार्यक्रम

**(१) परिचय:** सहकारी संघ सस्थाहरुका पदाधिकारीहरु र कर्मचारीहरुलाई सहकारी सस्था सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि गर्न अति नै आवश्यक देखिएकोछ । सहकारी कर्मीहरुको क्षमता अभिबृद्धिका साथै सचेतना कार्यक्रमहरु सञ्चालन गर्नका लागि जिल्ला तथा प्रदेश स्तरीय सहकारी संस्थाहरुको समेत महत्वपूर्ण भूमिका रहने भएका कारण सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन कार्यमा लागेका सरोकारवालाहरुको लागत साझेदारीमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

**(२) उद्देश्य:**

(क) सहकारी संघ सस्थाका पदाधिकारीहरु र कर्मचारीको क्षमता अभिबृद्धि गर्नु ।

(ख) सहकारी अवधारणा मूल्य मान्यता सिद्धान्त र देश विकासमा सहकारीको महत्वका बारेमा सचेतना जगाउनु।

**(३)लक्षित समुहः** सहकारी संघ सस्थाहरु ।

**(४)प्रमुख क्रियाकलापहरुः** सहकारी सम्बन्धि तालिम तथा गोष्ठी सञ्चालन गर्नु

**(५)अपेक्षित उपलब्धिहरुः** सहकारी संघ तथा सस्थाका पदाधिकारीहरु र कर्मचारीहरुको सहकारी ब्यवस्थापन तथा लेखापालन सम्बन्धि क्षमता विकास भएको हुने ।

**(६)अनुदान प्रतिशत र अधिकतम सीमाः** तालिम तथा गोष्ठी सञ्चालनका लागि लागत इष्टिमेटको २५ प्रतिशत साझेदार संस्थाले ब्यहोर्ने र बाँकी रकम सम्बन्धित कार्यालयले ब्यहोर्ने ।

**(७)न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः** जिल्लास्तरीय र प्रदेश स्तरीय सहकारी संघलाई साझेदार सस्थाको रुपमा कार्यक्रममा समाबेश गरीनेछ ।

## १८. दुग्ध मूल्य श्रृखला सुधार गर्न सापलिङ् (SAPLING) कार्यक्रम

**(१)परिचयः** सुदूरपश्चिम प्रदेश भित्र दुध उत्पादन क्षेत्रमा दुग्ध सहकारी संस्था र स्थानीय तहको सहकार्यमा व्यवसाय उन्मुख भैसी पालक कृषकहरूको प्राविधिक सहायता र जीविकोपार्जन सुधारका लागि दुग्ध मूल्य श्रृखला सुधार गर्न ( Sustainable Animal Productivity for Livelihoods, Nutrition, and Gender Inclusion (सापलिङ्, SAPLING) initiative कार्यक्रम सञ्चालन गरीनेछ।

**(२)कार्यक्रमको उद्देश्यः**

(१) पशुपालनद्वारा जिविकोपार्जन तथा पोषण सुधार र लैंगिक समावेशिता वढाउने,

(२) भैसीपालनको उत्पादकत्व दिगो वृद्धि र जातीय सुधार गर्ने,

(३)भैसीपालक कृषकहरुलाई जलवायु परिवर्तन उत्थानशिलता विकास गर्ने,

(४) दुध मुल्य श्रृखलालाई एकिकृत दृष्टिकोणले व्यवसायिक रुपान्तरण गर्ने

**(३)लक्षित समूहः** कैलाली र कन्चनपुर जिल्ला

**(४)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) सुदूरपश्चिम प्रदेश सरकारले कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विश्वविधालय वा नेपाल कृषि अनुसन्धान परिषद वा अन्तराष्ट्रिय पशुपालन अनुसन्धान प्रतिष्ठान (ILRI) जस्ता संम्भावित सस्थाहरुलाइ प्राविधिक साझेदार वा श्रोत संस्थाको रुपमा सहकार्य गर्नेछ ।

(ख) कार्यालयले सापलिङ् (SAPLING) कार्यक्रममा सहभागिताका लागि जिल्लाका भैसीपालन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्थासँग प्रस्ताव माग गरी स्थानिय तह, पशु सेवा शाखा र अन्य साझेदारहरू संग सहकार्य गर्नेछ ।

(ग) प्राविधिक साझेदार वा श्रोत संस्थाले पशु सेवा शाखाका पशु चिकित्सकहरु, प्राविधिकहरु र पशुपालक प्रवर्धकहरुलाई क्षमता अभिबृद्धि तालिम, अन्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन र प्राविधिक सल्लाकारको रुपमा कार्य गर्नेछन्।

(घ) कार्यक्रम छनौट भएका स्थानिय तहमा एकिकृत प्याकेज वा मोडेलका रुपमा कम्तीमा ३ वर्ष सम्म कार्यान्वयन गरीनेछ।

(ङ) सम्वन्धित स्थानिय तहमा निजिरूपमा सेवा प्रवाह गर्ने पशु स्वास्थ्य/सेवा प्राविधिक युवालाई सहकारी संस्था मार्फत छनौट गरी स्रोत संस्थाद्धारा ग्रामिण पशुपालन प्रवर्द्धक(Village Livestock Promoter, VLP )को रुपमा तालिम दिईनेछ। ग्रामिण पशुपालन प्रवर्द्धक (VLP) ले निम्नुसारका सेवा प्रदान गर्नुपर्नेछ।

(१)कृत्रिम गर्भाधान

(२)स्थानिय भेटेरिनरीयनहरुलाई पशु प्रजनन व्यवस्थापनमा सहयोग गर्ने

(३)कृषकलाई सल्लाह र सहयोग गर्ने (सन्तुलित आहारा तयारी, व्यवस्थापन )परालको गुणस्तर वृद्धि गर्ने तरिका, घाँस खेती ,साईलेज बनाउँन, र दाना सप्लायर्सहरुसँग जोड्ने

(च) उल्लेखित कार्यहरुको अतिरिक्त ग्रामिण पशुपालन प्रवर्द्धक (VLP) ले उत्कृट पशुको आनुवांशिक छनौटका लागि तथ्याङ्क संकलन र रेकडिङ्ग गर्नका लागि श्रोत संस्थाहरूःराष्टिय पशु प्रजनन कार्यालय, ILRI, SAPLING को एसिया अफ्रिका डेरी जेनेटिक गेन प्लाटफर्म, AADGGP मा रेकर्ड गर्नेछन र यसको खर्च सम्बन्धित निकायले ब्यहोर्ने छ ।

(छ) ग्रामिण पशु प्रवर्द्धकलाई विभिन्न तालिमहरु स्रोत संस्था मार्फत दिइनेछः पशु प्रजनन तथा कृत्रिम गर्भाधान, आहारा सुधार र एप्स मार्फत दाना सन्तुलन गर्ने, घाँस खेती, साईलेज बनाउने, दाना सम्बन्धि व्यापार, पशुको आनुवांशिकी सुधार, तथ्याङ्क संकलन र मुल्यश्रृंखला बजारीकरण सहजीकरण कार्य सञ्चालन हुनेछ ।

(ज) पशुको आहारा सुधारको लागि पशु सेवा प्रवर्द्धक मार्फत कृषकहरूलाई कार्यालयवाट सहकारी संस्थासँगको सहकार्यमा दानाको शुक्ष्म पौष्टिक तत्वहरू( मिनेरल, भिटामिन) उपलव्ध गराउनु पर्नेछ।

(झ)ग्रामिण पशु सेवा प्रवद्धकले माग बमोजिम घाँसको बिउ सिफारिस, कृषकलाई विभिन्न तालिम र निशुल्क प्राविधिक परामर्शहरु प्रदान गर्नुपर्ने छ।

(ञ)भैसीमा बाँझोपन समस्या न्युनिकरण गर्न यसका कारणहरु निदान गरी बाँझोपन निवारण शिविर सञ्चालन गर्नेछन्।

(ट)श्रोत संस्थाले कार्यालयवाट तोकिएको पशु चिकित्सक, स्थानिय तहका पशु चिकित्सक, प्राविधिकहरु र दुग्ध उत्पादक सहकारीमा कार्यरत ग्रामिण पशु सेवा प्रवद्धकहरुलाई भैसीको प्रजनन व्यवस्थापन, पशु पोषण, जैविक सुरक्षा र पशु स्वास्थ्य एवम् स्वच्छता सम्बन्धी पुनर्ताजगी तालिमको व्यवस्थापन गर्नेछ ।

(ठ)तालिम प्राप्त गरीसकेपछि प्रजनन सुधार टोलीको गठन हुनेछ र प्रत्येक टोलीमा एक जना भेटेरिनरीयन, एक जना प्राविधिक र डाटा अभिलेखीकरणको लागि एक जना ग्रामिण पशु सेवा प्रवद्धक रहने छन्।सोही टोलीले कार्यक्रम सञ्चालन क्षेत्रमा प्रजनन सुधार शिविर सञ्चालन गर्ने छन् ।

(ड)कार्यक्रम सञ्चालनका लागि छनौट भई सम्झौता भएका दुग्ध उत्पादक सहकारीहरूले आफ्नो कार्य क्षेत्र अन्तर्गतमा हरेक चार महिनाको अन्तरालमा बर्षको तीन पटक प्रजनन सुधार शिविर सञ्चालन गर्नुपर्नेछ ।

(ढ)दुधालु पशु प्रजनन सुधार शिविरमा ल्याइएका पशुहरुमा जुका नाम्ले बिरुद्धको औषधि, मिनिरल मिक्चर, लिभर टोनिक्स र भीटामिन जस्ता औषधिहरु र आवश्यक परेमा हर्मोन उपचार समेत निशुल्क गरीनेछ । कार्यालयले शिविर सञ्चालनको लागि वार्षिक बिनियोजित बजेटवाट खर्च गर्नुपर्नेछ ।

(ण)कार्यालयले एउटा सहकारी संस्था संगको सनपलिङ् कार्यक्रम कार्यान्वयनका लागि बार्षिक अधिकतम दश लाख रुपैंया मात्र खर्च हुनेछ ।खर्चको तपशील अनुसारका शिर्षकमा हुनेछ ।

१. स्रोत सस्थाद्धारा VLP को क्षमता अभिबृद्धि

२. स्रोत संस्थाद्धारा प्राविधिक सहायता

३. वाँझोपन तथा प्रजनन शिविरका लागि औषधि खरीद

४. पशु सेवा प्रवद्धकलाई प्रोत्साहन

५. आहारा

६. प्राकृतिक गर्भाधान र कृत्रिम गर्भाधान सञ्चालन र सामुदायिक पशु प्रजनन केन्द्र स्थापना, तरल नाइट्रोजन कन्टेनर, रेफ्री गन आदि

## १९. <u>हलगोरु पालन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम</u>

**(१)परिचयः** सुदूरपश्चिमको ग्रामीण तथा पहाडी भेगमा र तराईका केहि क्षेत्रमा अझै पनि परम्परागत खेती पद्धति प्रचलनमा रहेको छ, जसमा हलगोरु /राँगा मुख्य कृषियन्त्र तथा ढुवानी साधनको रूपमा प्रयोग हुन्छ। यान्त्रिक कृषि विस्तार भए पनि हलगोरु खेती गर्ने कृषकहरूको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ।

**(२)उद्देश्य :**

(क) परम्परागत कृषि प्रणालीको संरक्षण गर्नु।

(ख) हलगोरुको संरक्षण तथा उत्पादनमा वृद्धि गर्नु।

(ग) स्थानीय जातका गोरुको संरक्षण गर्नु।

(घ) प्रांगारिक कृषि प्रबर्धन गर्नु।

(ङ) स्थानीय गोरुको जीन पूल संरक्षण गर्नु।

(च) छाडा पशु चौपायालाई नियन्त्रण गर्नु

**(३)लाभान्वित वर्ग :** तराई क्षेत्रमा हलगोरु/राँगा बाट खेति गरीरहेका कृषक र पहाडी तथा ग्रामीण क्षेत्रका हलगोरु पाल्ने कृषकहरू।

**(४)आर्थिक पक्षः** प्रोत्साहन स्वरुप प्रति हलगोरु वापत रुपैया पाँच हजारका दरले लाभग्राहीको बैङ्क खातामा उपलब्ध गराइनेछ ।

**(५) मुल्याकंनका आधार र छनौटः** प्राङ्गगारिक कृषि प्रवर्द्धन कार्यक्रम रहेको जिल्लाको हकमा सोही स्थानीय तहमा अन्य जिल्लाको हकमा विकट स्थानिय तहलाई पहिलो प्राथमिकता दिई कार्यक्रम स्थान छनौट गर्नु पर्नेछ र अनुदानग्राही छनौटका मुल्याकंनका आधारहरु नियमावलिमा रहेको उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(६)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) परम्परागत कृषि प्रणाली अनुसार खेति गर्दै आएको हुनुपर्ने,

(ख) घरमा एक हलगोरु तथा राँगा र सकेसम्म ढुवानीको लागि गाडा भएको हुनुपर्ने,

(ग) घरमा हलो भएको हुनुपर्ने ।

## २०. <u>फलफुल बगैचा सुदृढीकरण कार्यक्रम</u>

**(१) परिचय :**स्थापित फलफूल नर्सरीहरुको स्तरोन्नति तथा सुदृढीकरण गराउन आवश्यक देखिएको अवस्थामा यो सञ्चालन गरीन्छ।

**(२) उद्देश्यः** पुराना फलफूल नर्सरीहरुको स्तरोन्नति तथा सुदृढीकरण गरी गुणस्तरीय बिरुवा उत्पादन क्षमता वृद्धि गर्ने ।

**(३) लाभान्वित वर्ग :** समस्याग्रत फलफूल बगैचा धनी कृषक, कृषक समूह, कृषि उत्पादन कार्यमा संलगन्न सहकारी, निजि फार्म

(४) **आर्थिक पक्ष:** आवश्यक बीउ बेर्ना खरीद कृषि औजार तथा उपकरण खरीद मलखाद विषादी र संरचना निर्माण लगायतमा अनुदान सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ अनुसार लाभग्राहीलाई उपलब्ध गराइनेछ ।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) दर्ता भएका फलफूल नर्सरीहरुको प्राविधिकद्धारा स्थलगत अनुगमन गर्दा स्तरोन्नति तथा सुदृढीकरण गर्न आवश्यक देखिएको भनी पेश भएको प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालन गरीनेछ ।

(ख) प्रतिवेदनको आधारमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली अन्तर्गतको जिल्लास्तरीय उप समितिबाट छनौट गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ग) कार्यक्रम समस्याग्रस्त उत्पादन हास हुदै पुराना फलफूलका बगैचाहरुमा सञ्चालन हुनेछ ।

(घ) समस्याग्रस्त फलफूल बगैचा धनी कृषक कृषक समूह सहकारी निजि फार्महरुले समस्याग्रस्त बगैचाको विवरण खुलेको स्थानीय तहको सिफारिस सहित सूचना बमोजिम कार्यालयमा निवेदन दिन सक्नेछन ।

(ङ) कार्यक्रम सञ्चालनका लागि कार्यालयमा प्राप्त निवेदनका आधारमा सम्बन्धित समस्याग्रस्त फलफूल बगैचाको विवरण तयार गर्नेछ ।

(च) उक्त विवरण बमोजिम कार्यालयबाट मूल्याङ्कन भई प्राथमिकता परेका बगैचाहरुमा माग र आवश्यकताका आधारमा उपलब्ध बजेटको परिधिमा रही कार्यालयले लागत इष्टिमेट तयार गरी निश्चित क्लष्टरमा एकै पटकमा अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(छ) समस्याग्रस्त बगैचा छनौटका लागि कार्यालयले स्थलगत अनुगमन गर्नेछ ।

(ज)यस कार्यक्रम सम्बन्धित स्थानीय तह र कृषकको सक्रिय सहभागितमा अभियानको रुपमा सञचालन गरीनेछ ।

२१. **<u>उत्कृष्ट कृषि फार्ममा कृषक सिकाइ केन्द्र स्थापना तथा परिचालन कार्यक्रम</u>**

(१) **परिचयः** फलफूल, तरकारी, औद्योगिक तथा मसलाजन्य बालीहरुको नविनतम् कृषि प्रविधि स्थानीय कृषकहरुलाई देखेर सिकाउन, प्रविधिहरुको ग्रहण तथा विस्तारका लागि कार्यालयबाट छनौट भएका उत्कृष्ट कृषि फार्ममा सिकाइ केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

(२) **लाभान्वित वर्ग :** निजी फर्म

(३) **सञ्चालन गरिने क्रियाकलापहरु :**

(क) फलफूल, तरकारी, औद्योगिक तथा मसला बालीमा नविनतम प्रविधि प्रदर्शन

(ख) संरक्षित संरचनामा तरकारी खेती

(ग)चैते धानमा राइस ट्रान्सप्लान्टर मेशिन सहित नर्सरी प्रदर्शन

(घ)प्राङ्गारिक कृषि उत्पादन प्रविधिहरुको प्रदर्शन

(ङ)आइ पि एम प्रविधि प्रदर्शन

(च)सिंचाईमा नविनतम प्रविधिहरुको प्रयोग प्रदर्शन

(छ) नयाँ जातहरुको परिक्षण प्रदर्शन

(ज)सामुहिक हितको लागि मेशिनरी प्रदर्शन

(झ) फर्मको सञ्चालक वा प्राविधिकलाई तालिममा सहभागी गराउने

(ञ)अन्य कृषि जन्य प्रविधिहरुको सिकाई प्रदर्शन

(४) **आर्थिक पक्ष:** कार्यालयबाट कार्यान्वय हुने प्रदर्शन निःशुल्क रुपमा सञ्चालन गरिनेछ ।

## २२.   घासको नर्सरी/श्रोतकेन्द्रको स्थापना कार्यक्रम

**(१)परिचयः** पशुपालन व्यवसायलाई वढी व्यवसायिक तथा प्रतिस्पर्धी व्यवसायको रुपमा विकास गर्न उत्पादन कार्य प्रमुख चुनौतिको रुपमा रहेको देखिन्छ । खासगरी दुध र मासुको उत्पादन लागतमा आधारित पशुपालन अपिहार्य आवश्यकता हो । यसको लागि उन्नत घाँस खेतीलाई ब्यापकता आवश्यक पर्ने गुणस्तरीय घाँसको उत्पादन गर्न आवश्यक रहेको छ ।

**(२)लाभान्वित वर्ग :** पशुपालन तथा घास उत्पादक कृषक, कृषक समूह, कृषि उत्पादन कार्यमा संलगन्न सहकारी, निजि फार्म,सार्वजनिक संस्था ।

**(३) आर्थिक पक्षः** कार्यक्रम सञ्चालन गर्दा आवश्यक सामग्रीहरु( उन्नत बीउ, बेर्ना, सिचाइका सामग्रीहरु, घेरबार, अन्य उत्पादनका लागि आवश्यक सामग्रीहरु) सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ अनुसार अनुदानमा लाभग्राहीलाई उपलब्ध गराइनेछ ।

**(४)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) श्रोत केन्द्र स्थापना गर्न तराई क्षेत्रको हकमा कम्तिमा एक बिगाहा (बहुवर्षियको हकमा दश कठ्ठा) र पहाडी क्षेत्रमा पाँच रोपनी (बहु वर्षियको हकमा दुई रोपनी ) जग्गा आफ्नै वा लिजमा भएको हुनु पर्नेछ ।

(ख) सिचाइ तथा ढुवानीको लागि बाटो भएकोलाई प्राथमिकता दिइनेछ ।

(ग) घास एक वर्षीय तथा बहुवर्षीय उन्नत जात भएको हुनु पर्नेछ ।

## २३.   उच्च हिमाली जिल्लामा घुम्ति गोठ सहयोग कार्यक्रम

**(१)परिचय :** उच्च हिमाली जिल्लामा पशु आहाराको कमिले पशुहरु एक ठाउबाट अर्को ठाउमा चरणको लागि जानुपर्ने बाध्यता भएकोले त्यस्ता घुम्ती गोठलाई आवश्यक पर्ने सामग्री उपलब्ध गराई पशु आहाराको परिपुर्ति गर्नु जरुरी रहको देखिन्छ ।

**(२)कार्यक्रमको उद्देश्यः**

(१) पशुपालनद्वारा जिविकोपार्जन तथा पोषण सुधार वढाउने,

(२) पशुहरुको स्वास्थ्य सुदृढीकरण गर्नु,

**(३)लाभान्वित वर्गः** पशुपालन कृषक, कृषक समूह, कृषि उत्पादन कार्यमा संलगन्न सहकारी, निजि फार्म

**(४)आर्थिक पक्षः**

(क) गोठालालाई आवश्यक पर्ने सामग्रीहरु प्रचलित खरीद ऐन नियम बमोजिम कार्यालयले खरीद गरी शत प्रतिशत अनुदानमा लाभग्राहीलाई उपलब्ध गराइनेछ ।

(ख) घुम्ती गोठका पशुहरुको लागि आवश्यक पर्ने औषधी उपलब्ध गराउन सकिनेछ ।

## २४.   स्थानीय पोल्ट्री पालन प्रवर्द्धन कार्यक्रम

**(१)परिचयः** बजारमा स्थानीय हाँस र कुखुराको बढ्दो मागलाई मध्यनजर गरी कृषकलाई व्यसायिक रुपमा स्थानीय कुखुरापालनमा आकर्षित गर्नु जरुरी छ ।

**(२)कार्यक्रमको उद्देश्यः**

(१) स्थानीय हाँस र कुखुराको व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,

(२) स्थानीय हाँस र कुखुराको संरक्षण तथा बजारीकरण गर्नु,

(३) स्थानीय हाँस र कुखुरापालनमा संलग्न कृषकहरुको आयआर्जन बृद्धि गरी स्वरोजगारको अवसर सिर्जना गर्नु ।

**(३)लाभान्वित वर्गः** एकल महिला लक्षित, विपन्न तथा सिमान्तकृत समुदाय लक्षित, अपाङ्ग, मुक्त कमैया, मुक्त कम्लहरी, मुक्त हलिया ।

**(४) आर्थिक पक्षः** लाभान्वित वर्गलाई व्यवसायिक रुपमा कुखुरापालनको लागि आवश्यक पर्ने सामग्री प्रचलित खरीद ऐन नियम बमोजिम कार्यालयले खरीद गरी अनुदान नियमावली बमोजिम लाभग्राहीलाई उपलब्ध गराइनेछ ।

**(५)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) स्थानीय जातका कखुरापालन गरेको हुनुपर्ने

(ख) कुखुरापालनको लागि आवश्यक भौतिक पुर्वाधार भएको हुनुपर्ने,

(ग) बजारीकरण सम्भावना भएको क्षेत्रलाई प्राथमिकता दिनुपर्ने ।

## २५. <u>व्यवसायीक फर्महरुमा विज्ञ टोलि सहित पशु स्वास्थ्य सेवा</u>

**(१)परिचयः** व्यावसायिक पशुपालन व्यवसायहरू गाईभैसी/ बाख्राफार्म /, कुखुरा फार्म आदि तीव्र रूपमा विकास ( हुँदै गएका छन्। यस्ता फर्महरूमा पशु स्वास्थ्यसम्बन्धी समस्याको समाधान तथा स्वस्थ उत्पादनको लागि सम्बन्धित विषयमा स्नातक गरेको पशुचिकित्सक सहितको विज्ञ टोलि उपचार सेवा दिन आवश्यक हुन्छ।

**(२)उद्देश्यः** रोगको रोकथाम, पहिचान र उपचार गर्नु

**(३)लाभाविन्त बर्गः** व्यवसायिक पशुपन्छीपालन फर्म।

**(४)आर्थिक पक्षः**

(क) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा व्यवसायिक फर्महरुमा उपचार गर्नको लागि आवश्यक पर्ने उपचारको सामग्रीहरु,औषधि र UMMB प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ।

(ख) व्यावसायिक फर्ममा उपचार गर्न जाँदा आउँदाको इन्धन तथा अन्य खर्च कार्यक्रमबाट गर्नसकिने छ।

**(५)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) उपचार सेवा दिदाँ व्यवसायिक रुपमा पशुपन्छी पालन गरेको फर्म हुनुपर्नेछ।

(ख) जिल्ला भरिका व्यवसायिक पशुपन्छी पालन फर्मलाई सकेसम्म नदोहोरिने गरी उपचार सेवा दिनुपर्नेछ तर फर्ममा अति आवश्यक परेको खण्डमा पशुको अवस्था अनुसार उपचार सेवा दिनसकिनेछ।

(ग) उपचार तथा परामर्श सेवा दिँदा विज्ञ टोलीमा कम्तिमा एकजना पशु चिकित्सक सहित दुई जना प्राविधिक हुनुपर्नेछ ।

## २६. <u>चौरी प्रवर्द्धन कार्यक्रम कार्यक्रम</u>

**(१)परिचयः** सुदूरपश्चिम प्रदेशको हिमाली क्षेत्रमा चौरिपालन व्यवसाय घट्दो क्रममा छ । चौरी पालन व्यवसायलाई प्रवर्द्धन गरी स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गर्न र कृषकहरुको जिविकोपार्जनमा टेवा पुर्याउन आवश्यक देखिन्छ ।

**(२)उद्देश्य**

(क) चौरीको आनुवांशिक स्रोत संरक्षण गर्नु,

(ख) चौरीको व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,

(ग) स्थानीय चौरीको संरक्षण तथा बजारीकरण गर्नु,

(घ)यसमा संलग्न कृषकहरुको आयआर्जन बृद्धि गरी स्वरोजगारको अवसर सिर्जना गर्नु ।

(३)**लाभाविन्त बर्गः** कृषक समूह वा निजि चौरी फर्म।

(४)**प्रमुख क्रियाकलापहरुः** तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) चरन खर्क सुधार

(ख) याक खरीद

(ग) घुम्ती गोठ निमार्ण तथा सुधार

(घ) पशु स्वास्थ्य प्रवर्द्धन

(ङ) घुम्ती सोलार जडान

(च)गोठालोहरुको लागि आवश्यक सामग्री खरीद

(छ) दुध संकलन ढुवानी तथा प्रशोधन सम्बन्धीका आवश्यक सामाग्रीहरु खरीद

(५)**अनुदान प्रतिशत र अधिकतम सीमाः**कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

(६)**न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) समूहमा कम्तीमा पाँच जनाले चौरी पालेको हुनु पर्नेछ ।

(ख) निजि फार्मले कम्तीमा पाँच चौरी पालेको हुनुपर्नेछ ।

## २७. डेरी फर्ममा कृषक सिकाई केन्द्र स्थापना

(१)परिचयः पशुपालन क्षेत्रमा विशेष गरी दुग्ध उत्पादन एक प्रमुख पेशाको रूपमा स्थापित हुँदै गएको छ। तर अधिकांश किसानहरू अझै पनि परम्परागत पद्धतिमा आधारित दुग्ध उत्पादनमा सीमित छन्, जसले उत्पादन क्षमता, गुणस्तर र आयमा प्रतिकूल प्रभाव पारिरहेको छ। यसै सन्दर्भमा, डेरी फर्मलाई कृषक सिकाई केन्द्रको रूपमा विकास गरी आधुनिक पशुपालन प्रविधि, दुग्ध व्यवस्थापन, पशु स्वास्थ्य, चारा उत्पादन, प्रशोधन तथा बजार प्रवाहसम्बन्धी व्यावसायिक ज्ञान तथा सीप प्रदान गर्न आवश्यक देखिएको छ।

(२)**उद्देश्य**

(क) कृषकहरूलाई व्यावसायिक डेरी फार्मिङमा दक्ष बनाउने।

(ख) नयाँ प्रविधि र वैज्ञानिक पद्धतिबाट तालिम प्रदान गर्ने।

(ग) दुग्ध उत्पादन, प्रशोधन र बजारमा पहुँच विस्तार गर्ने।

(घ) पशु स्वास्थ्य, पोषण र प्रजनन प्रविधिमा सीप विकास गर्ने।

(३)**लाभाविन्त बर्गः** डेरी व्यवसायमा आबद्ध कृषक,गाई भैसी पालक कृषक।

(४)**आर्थिक पक्षः** कार्यालयले, डेरी फर्म सिकाई केन्द्र स्थापनाको लागि व्यवसायिक फर्म छनोट गर्नेछ उक्त फर्ममा सिक्न आउने कृषकहरुलाई सुविधाउक्त बस्ने ठाउँ बनाउनको आवश्यक साम्रागी खरीद, तालिम,UMMB ब्लक प्रदर्शन, आहार सुधार प्रदशनी,पशु प्रजनन विकृति,पशु उपचार सेवा ,पशुको खोप तालिका,परजीवी नियन्त्रण जस्ता क्रियाकलापमा बजेट खर्च गर्न सकिनेछ। कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

(५)**न्युनतम मापदण्डः** जिल्ला भरिमा संख्यात्माक र व्यवस्थापकीय हिसाबले उत्कृष्ट डेरी फार्म छनोट गर्नु पर्नेछ ।

## २८. थुनेलो रोग नियन्त्रण कार्यक्रम

**(१)परिचय:** दुधालू पशुहरुमा थुनेलो रोग एउटा प्रमुख समस्याको रुपमा देखिन्छ जसले गर्दा कृषकले आर्थिक नोक्सानी व्यहोर्नु परेको अवस्था रहेको छ ।

**(२) उद्देश्य:** ब्याबसायिक गाई/भैसि फार्म तथा थुनेलो रोगको बढी प्रकोप रहेको क्षेत्रमा थुनेलो रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउनु।

**(३) प्राविधिक मापदण्ड:**

(क) ब्याबसायिक गाई भैसि फार्म तथा थुनेलो रोगको बढी प्रकोप रहेको क्षेत्रलाई प्राथमिकतामा राखी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) दुधको नमुना संकलन गरी California mastitis test CMT वा mastrip test गराउनु पर्नेछ।

(ग) Teat dipping प्रविधि प्रदर्शन गराउनु पर्नेछ।

(घ) आवश्यक भएमा Antibiotic sensitivity test (ADT) समेत गर्नुपर्नेछ।

(ङ) दुधको नमुना संकलन गर्दा Aseptic तरिका अबलम्बन गर्नुपर्नेछ।

(च) कृषकलाई teat dipping सम्बन्धि उपकरण Povidine lodine solution Glycerine का साथै थुनेलो रोग नियन्त्रणका लागि केहि आवश्यक औषधि तथा सप्लिमेन्ट वितरण गराउनु पर्नेछ ।

(छ) यस रोग सम्बन्धि जनचेतामूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ज)कृषकलाई परिक्षण रिपोर्ट रोग नियन्त्रणका लागि आवश्यक परामर्श तथा औषधि उपकरण उपलब्ध गराउने र त्यसको अभिलेख राखुपर्नेछ।

(झ)आर्थिक मापदण्ड कार्यक्रमका लागि आवश्यक औषधि तथा सामाग्रीहरु खरीद गरेको बजेटको परिधिभित्र रही सार्वजनिक खरीद ऐन २०६३ सार्वजनिक खरीद नियमावली २०६४ अनुसार खर्च गर्न सकिनेछ।

## २९. खरी रोग नियन्त्रण कार्यक्रम

**(१)परिचय:**विगत चालिस वर्ष भन्दा पहिले देखि सुदूरपश्चिम प्रदेशको दार्चुला बैतडी र बझाङ्ग जिल्लामा पशुमा खासगरी भैसीमा खरी रोग एउटा प्रमुख पशु स्वास्थ्य समस्याको रुपमा रही कृषकले ठुलो आर्थिक क्षति व्यहोर्नु परिरहेकोले यो रोग नियन्त्रण गर्न आवश्यक देखिन्छ ।

**(२) उद्देश्य:**

(क) खरी रोगको बढी प्रकोप रहेको क्षेत्रमा खरी रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउनु।

(ख) पशुको उत्पादन तथा उत्पादत्व बढाइ कृषकले व्यहोर्नु परेको आर्थिक क्षतिलाई न्यूनिकरण गर्नु

**(३)क्रियाकलापहरु:**

(क) खरी रोगको बढी प्रकोप रहेको जिल्लाको क्षेत्रलाई प्राथमिकतामा राखी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) खरी रोग निदान प्रयासको लागि खरी रोगको लक्षण(भैंसीहरूमा पुच्छरको झुप्पाको रौं झर्ने, छाला फुस्रो हुने, खान मन नगर्ने, वेसुध भई हिंड्ने, अगाडिको पाता बाहिरपट्टि फराकिलो पारी उभिने, घुँडा टेकी बस्ने, खुरबाट सेतो धुलो झरी नयाँ खुर पलाएर असाधारण आकार लिने)देखिएको भैसीबाट रगत तथा छाला बाट(skin scraping test)को लागि नमूना संकलन गरी पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउने ।

(ग) कृषकलाई खरी रोग नियन्त्रणको लागि पौष्टिक आहारा (Mineral block,साइलेज, टिएमआर समेत), ivermectin,penta sulphate, निशुल्क वितरण गर्ने ।

(घ) आवश्यक भएमा खरी रोग प्रभावित क्षेत्रमा विनियोजन बजेट बाट खरी रोग बिशेष पशु स्वास्थ्य शिविर सञ्चालन गर्न सकिनेछ ।

(ङ) नमूनाबाट आएको रिपोर्टलाई संबन्धित विज्ञकेन्द्रले अभिलेख राख्नुपर्नेछ र सम्बन्धित कृषकहरुलाई रिपोर्टबारे जानकारी दिई आवश्यक सुझाव सल्लाह दिनुपर्नेछ।

(च) यस रोगको थप अध्ययन अनुसन्धानको लागि मन्त्रालयले पहल गर्न सक्नेछ।

## ३०. मत्स्य पर्यापर्यटन कार्यक्रम

**(१) परिचय:** माछा तथा माछाजन्य परिकारको प्रचारप्रसार गरी माछापालन व्यवसायीलाई प्रवर्द्धन गर्न आवश्यक देखिन्छ ।

**(२) उद्देश्य:**

(क) माछापालन व्यवसायलाई व्यवसायीकरण गर्नु,

(ख) पर्यापर्टनलाई टेवा पुर्याउनु,

(ग) यसमा संलग्न कृषकहरुको आयआर्जन बृद्धि गरी स्वरोजगारको अवसर सिर्जना गर्नु ।

**(३) लाभाविन्त बर्ग**ः कृषि उद्यमि, कृषक समूह वा सहकारी।

**(४) प्रमुख क्रियाकलापहरुः** तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) माछा पोखरी निर्माण तथा मर्मत

(ख) एरिएशन तथा पर्यटकको लागि बोट

(ग) माछाको प्रशोधन तथा विविधीकरणको साम्रगी

(घ) माछाको स्थानीय परिकार प्रवर्द्धन तथा प्रदर्शनी

(ङ) माछाको विभिन्न जात तथा प्रविधिको संरक्षण,सर्वर्द्धन तथा प्रदशन

(च) परिसरको सरसफाइ तथा सौन्दर्यकीरण

(छ) फिसिङ्क गर्न आवश्यक सामाग्री

**(५) अनुदान प्रतिशत र अधिकतम सीमाः**कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

**(६) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कृषि उद्यमीको हकमाकम्तीमा एक हेक्टर जमिनमा माछापालन गरेको हुनुपर्ने,

(ख) समूह सहकारीको हकमा कम्तिमा पाँच हेक्टर जमिनमा पाछापालन गरेको हुनुपर्ने ।

## ३१. कोशेली घर कार्यक्रम

**(१) परिचय:** कृषि उपजबाट कृषकलाई उचित प्रतिफल दिलाउन तथा उपभोक्तालाई सहजरुपमा एकै स्थानबाट सरल सुलभ तथा गुणस्तरयुक्त स्थानीय कृषि उपजहरु उलब्ध गराउन कोशेली घर स्थापन/सञ्चालन गर्न आवश्यक देखिन्छ ।

**(२) उद्देश्य:**

(क) स्थानीय उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी उचित बजारीकरण गर्नु,

(ख) स्थानीयस्तरका मौलिक वस्तुहरुको पहिचान बढाउनु,

(ग)उपभोक्तालाई सुलभदरमा गुणस्तरीय युक्त स्थानीय उत्पादन आपुर्ति गर्नु ।

**(३)लाभाविन्त बर्ग**ः कृषि उद्यमी, कृषक समूह वा सहकारी।

**(४)प्रमुख क्रियाकलापहरुः** तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) व्यवस्थापन कक्ष, डिस्पले रुम, भण्डारण कक्ष सहितको कोशेलीघर स्थापना

(ख) कोशेली घरमा आवश्यक र्याक, पार्टिसन, दराज, रेफ्रिजिरेटर तथा आवश्यक औजार उपकरण सामाग्री

(ग) ग्रेडिङ्ग, प्याकिङ्ग, लेबलिङ्ग लगायतका सामाग्री

(घ) गुणस्तर परिक्षण

(ङ) कोशेली घर सञ्चालनको लागि घरभाडा

**(५) अनुदान प्रतिशत र अधिकतम सीमाः**कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

**(६)न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कृषि उद्यमीको हकमा कम्तीमा एक हेक्टर जमिनमा माछापालन गरेको हुनुपर्ने,

(ख) समूह सहकारीको हकमा कम्तिमा पाँच हेक्टर जमिनमा मापाछापालन गरेको हुनुपर्ने

## ३२. कृषि मेला प्रदर्शनी कार्यक्रम

**(१)परिचयः** "देखेपछि विश्वास बढ्छ" भन्ने कृषि प्रसार सिद्धान्तको आधारमा, कृषकहरूले उत्पादन गरेका कृषि उपजहरू प्रदर्शनमा राखेर उनीहरूबीच प्रतिस्पर्धा गरिन्छ। यस कार्यक्रमको उद्देश्य भनेको दर्शकहरूलाई प्रविधि सिक्न प्रेरित गर्नु र उनीहरूलाई बढी उत्पादन गर्न प्रोत्साहित गर्नु हो। प्रदर्शनी कार्यक्रम सामान्यतया एकदेखि पाँच दिनसम्मको अवधि हुने गर्दछ।

**(२) कार्यक्रमको उद्देश्यः** उन्नत प्रविधि मार्फत उत्पादित कृषिजन्य बाली/वस्तुहरु प्रदर्शन गरी जनसमुदायमा नयाँ तथा उन्नत प्रविधि अपनाउन प्रोत्साहन गर्नु ।

**(३) कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) बहुसङ्ख्यक कृषक, कृषि व्यवसायी तथा आम उपभोक्ताको सहभागिता हुने गरी प्रदेशको कृषि तथा पशुपन्छी विकासको सम्भावना एवं भौगोलिक समावेशिता समेतलाई ध्यानमा राखी मन्त्रालयले कार्यक्रम सञ्चालन गर्ने जिल्ला तथा साझेदार संस्था छनौट गर्नेछ ।

(ख) यस कार्यक्रमलाई सरोकारवाला सरकारी वा गैरसरकारी वा निजी क्षेत्रसँग एकल वा बहुपक्षीय रुपमा साझेदारी गरी सञ्चालन गर्न सकिनेछ ।

(ग) कार्यालयले प्रचलित ऐन नियम बमोजिम लागत अनुमान तयार गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(घ) कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सरोकारवाला निकायको सक्रिय सहभागितामा आवश्यकता अनुसार मूल समिति तथा उपसमिति गठन गरी जिम्मेवारी तोक्न सकिनेछ ।

(ङ) कार्यक्रम सञ्चालन गरिने स्थान, समय र आर्कषणका विषयवस्तु समेटि विभिन्न माध्यमबाट व्यापक व्यापक प्रचार प्रसार गर्नु पर्नेछ।

(च) कृषक तथा कृषि व्यवसायी एवं उद्यमीका उत्पादन सामग्री तथा प्रविधि प्रदर्शन गर्न छुट्टाछुट्टै प्रदर्शन कक्षहरू व्यवस्थित रूपमा राख्न प्रबन्ध मिलाउनु पर्नेछ ।

(छ) प्रदर्शनी स्थलमा कृषि वैज्ञानिक, कृषि विज्ञ तथा कृषक र कृषि एवं पशुपन्छी विज्ञान अध्ययन गरिरहेका विद्यार्थीहरूको बीचमा समसामयिक विषयमा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ज) कृषकले आफूले उत्पादन गरी प्रदशनमा राखेका कृषि तथा पशुपन्छी एवं मत्स्यजन्य वस्तुको मूल्याङ्कन गरी उत्कृष्ट ठहराएकालाई पुरस्कृत गरिनेछ। साथै अन्य सम्पुर्ण स्टलकर्तालाई प्रशंसा पत्र प्रदान गर्न सकिनेछ ।

(झ) लागत अनुमानको सिमा भित्र रही कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारीलाई स्टल निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(ञ) कृषि प्रदर्शनी स्थलमा कृषि व्यवसायी लगायत आम उपभोक्तालाई प्रवेश निशुल्क गरिनेछ।

**(४)कार्यक्रमको आर्थिक पक्ष:** खर्चको शीर्षक निम्न बमोजिम हुनेछन्।

(क) निःशुल्क स्टल/स्टेज निर्माण तथा भाडा

(ख) व्यानर तथा प्रचार प्रसार (भिडियो डकुमेन्ट्र, भ्लग समेत)

(ग) छपाई र स्टेशनरी (प्राविधिक लिफलेट,पम्फलेट समेत)

(घ) सांस्कृतिक कार्यक्रम

(ङ) उदघोषणकर्ता, सुरक्षाकर्मी, सुरक्षा एजेन्सीको पारिश्रमिक

(च) नविन प्रविधिको प्रर्दशन

(छ) विधा अनुसार पुरस्कार र प्रमाणपत्र वितरण (मूल्याङ्कन टोलीको पारिश्रमक समेत)

(ज) विशेष विषयवस्तुमा प्रवचन (विज्ञको पारिश्रमिक)

(झ) अतिथि सत्कार (फूलमाला खादा,मायाको चिनो समेत)

(ञ) अन्य व्यवस्थापन (ढुवानी,स्वयंसेवक परिचालन, सुरक्षा, खानेपानी, सरसफाई आदि)

## ३३. <u>गौशालालाई मोडल उद्योगको रुपमा स्थापना तथा सञ्चालन कार्यक्रम</u>

**(१)परिचय :**सुदुरपश्चिम प्रदेशमा कम उत्पादनशील गाईहरुलाई कृषकहरुले सडकमा छोड्ने कम बढदै गईरहेको छ । जसले गर्दा सडकमा छाडा गाईहरुको संख्या उल्लेखनीय रुपमा वृद्धि हुदै गईरहेको देख्न सकिन्छ । यी छाडा गाईहरुले गर्दा सडकमा दुर्घटना हुने, कृषकहरुको बालीनालीमा नोक्सान हुने कुरा सामान्य भइ सकेको छ । धेरैजसो स्थानीय तहहरुले गौशाला बनाई यी छाडा गाईको व्यवस्थापनका लागि प्रयास पनि गरेका छन् । तर जब सम्म यी गाईहरुलाई उत्पादनशील बनाई यिनीहरुबाट आम्दानी लिन सकिदैन तब सम्म यसरी गरिएको व्यवस्थापन दिगो हुन सक्दैन । यस कारण यी छाडा गाईका गौशालाहरुलाई एउटा उद्योगको रुपमा बिकास गरी यस समस्याको दिर्घकालीन समाधान खोज्नु अति आवश्यक भई सकेको छ।

**(२)उद्देश्य:**

(क) छाडा गाईहरुवाट सिर्जित समस्याको दीर्घकालीन समाधान खोज्ने,

(ख) गौशालाहरुमा उत्पादन हुने गोबर र गौमुत्रलाई प्रशोधन गरी जैविक मलको रुपमा प्रयोग गर्ने,

(ग) गौशालामा उत्पादन हुने दूधलाई विविधीकरण गरी बजारीकरण गर्ने,

(घ) गौशालाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने,

(ङ) जैविक कृषि उत्पादनमा योगदान पुर्याउने।

(३)**<u>प्राविधिक पक्ष :</u>**

(क) प्रत्येक गौशालामा गड्यौला मल, जैविक मल, जिवामृत उत्पादनका लागि आवश्यक कियाकलापहरु सञ्चालन गर्ने साथै गाईको गोबर र गौ मुत्रबाट विभिन्न किसिमका सामग्रीहरु उत्पादन गरि बजारीकरण गरिनेछ।

(ख) गौशालामा रहेका गाईहरुमा कृत्रिम गर्भाधानको कार्यक्रम सञ्चालन गरी बढी उत्पादकत्व भएका बाच्छा बाच्छी उत्पादन गरिने छ।

(ग) गौशालाहरुमा उत्पादन भएको दूधलाई बिविधीकरण गरी बजारीकरण गर्नको लागि आवश्यक कार्यकम सञ्चालन गरिने छ।

(घ) गौशालामा भएका गाईहरुका लागि आहारा आपूतिका लागि घास खेतीगर्न घासको बिउ बिजन उपलब्ध गराउने लगायतका कार्यक्रम सञ्चालन गरिने छ।

(ङ) क्षमता अभिवृद्धिका लागि तालिम तथा अवलोकन भ्रमणको कार्यक्रम सञ्चालन गरिनेछ। साथै आवश्यक उपकरणहरु तथा साना पूर्वाधार विकास गराईनेछ।

(४)**<u>आर्थिक पक्षः</u>** माथि उल्लेखित कार्यकमहरु सञ्चालन गर्नको लागि आवश्यक पर्ने सामग्रीहरु शतप्रतिशत अनुदानमा उपलब्ध गराइने छ।

## ३४. <u>पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम</u>

(१) **परिचयः** सरकारी, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा पुष्प व्यवसायको विकास, बिस्तार तथा प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्न तथा कृषकहरुको आयआर्जनमा टेवा पुऱ्याउनका साथै पुष्प उद्योग स्थापना, सञ्चालन एवं बजारीकरण गरी आयात प्रतिस्थापन गर्न आवश्यक देखिएको छ ।

(२) **उद्देश्यः**

(क) पुष्प तथा आलंकारिक बोट बिरुवाहरुको उत्पादन, प्रवर्द्धन तथा मुल्य अभिवृद्धि गर्ने,

(ख) पुष्प उत्पादनकर्ता एवं पुष्प व्यवसायीहरुलाई पुष्प उत्पादन गर्ने कार्यमा प्रोत्साहन गर्ने,

(ग) पुष्प व्यवसायको विकास विस्तार तथा प्रवर्द्धन गरी पुष्प आयातलाई न्यूनीकरण गर्ने ।

(३) **आर्थिक पक्षः खर्चको शीर्षक निम्न बमोजिम हुनेछन्।**

(क) स्टल भाडा

(ख) पूर्वाधार निर्माण तथा मर्मत सुधार (ग्रिन हाउस, भण्डारण गृह, सिंचाइ आदि)

(ग) यन्त्र उपकरण

(घ) बीउविजन

(ङ) तालिम, अवलोकन भ्रमण

(४)**अनुदान प्रतिशत र अधिकतम सीमाः**कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

## ३५. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम

**(१)परिचयः** आयातित रासायनक मल एवम् विषादीको बढ्दो प्रयोग तथा सो को अवशेषबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन, बजारीकरण र उपभोगमा वृद्धि तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि उत्पादन र वातावरण संरक्षण गर्ने उद्देश्य यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२)प्राविधिक पक्ष**

(क) यस कार्यक्रममा देहाय अनुसारले आवेदन दिन सक्नेछन् :

१. प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

२. शहर आसपास ( Peri - Urban Area) तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र सिंचाइ तथा सडकको सहज पहुँच भएका एवं सघन खेति प्रणाली भएका क्षेत्रमा प्राङ्गारिक खेति गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

३. रासायनिक पदार्थ अनुपस्थित क्षेत्रका स्थानीय एवं रैथाने जातका बालीहरु उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

(ख) यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :

१. प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार सम्बन्धी सचेतना अभिवृद्धि सम्बन्धी तालिम, अभिमुखिकरण, प्रदर्शन, आदि ।

२. प्राङ्गारिक कृषि उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, हरियो मल, जैविक मल, वनस्पतिक विषादी, शुक्ष्म जैविक मल

३. साना सिंचाई निर्माण तथा मर्मत

४. भकारो सुधार

५. भर्मिकम्पोष्ट मल उत्पादन तथा प्रयोग

६. कम्पोष्ट मल उत्पादन तथा सुधार

७. प्राङ्गारिक मोडेल कृषि फार्म स्थापना

८. रैथाने बाली उत्पादन प्रबर्द्धन गर्ने सहयोगी क्रियाकलापहरु

९. उत्पादन स्थलदेखि बजारसम्म पुर्याउनका लागि प्याकेजिङ्ग, ढुवानी तथा लेबलिङ्ग

१०. कृषि उपजहरुको प्राङ्गारिक उत्पादन प्रमाणीकरण सहयोग

(ग) खुल्ला जमिनमा प्राङ्गारिक कृषि उत्पादन (Open Field Cultivation) का लागि एकल फर्म भए कम्तिमा ५ रोपनी र समुह वा सहकारी मार्फत कम्तिमा ६० रोपनीमा खेती गर्नु पर्नेछ । क्लष्टरमा उत्पादन गर्ने प्रस्तावलाई प्राथमिकता दिनु पर्नेछ ।

घ) संरक्षित संरचना (Polyhouse) मा प्राङ्गारिक कृषि उत्पादन गरिने भए संरचना निर्माण वा सुधारका लागि सहयोग गर्न सकिनेछ ।

ङ) ज्ञान केन्द्रले प्रदर्शन (demonstration) को रुपमा स्थानीय तहहरुसँग समन्वय गरी ६० रोपनीको संभव भएसम्म एक क्लष्टर वा एक स्थानीय तहमा ६० रोपनीको एक क्लष्टर नपुगेमा सिमाना जोडीएका दुई स्थानीय तहसँग समन्वय गरी प्राङ्गारिक उत्पादन क्षेत्र घोषणा गर्नेछ ।

**(३) आर्थिक पक्ष**

१. कार्यालयद्वारा सञ्चालन गरिने तालिम, अभिमुखिकरण, प्रदर्शनीका लागि अधिकतक १०० प्रतिशत अनुदान दिईनेछ ।

२. अन्य क्रियाकलापहरुका लागि अनुदानको सिमा सुदूरपश्चि प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९ बमोजिम हुनेछ ।

**(४) प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) फर्म/कृषक/सहकारी संस्थाको दर्ता प्रमाणपतत्र (नियमानूसार नवीकरण समेत भएको हुनु पर्ने) र स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

(ख) फर्म/कृषक/सहकारी संस्थाको गत आर्थिक वर्ष सम्मको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि वा नियमानूसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपि

(ग) कार्यक्रममा सहभागी हुने कृषकको नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि

(घ) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि

(ङ) जग्गाको लालपुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि

(च) आवेदकसँग रहेको लगानीका स्रोतहरुको आधार

(छ) स्थानीय तहले क्लष्टर वा प्राङ्गारिक उत्पादन क्षेत्र घोषणा गरेको सिफारिस

## ३६. <u>अभियानमुखी मकै/भटमास मिसन कार्यक्रम वा मकै/भटमासबाली प्रवर्द्धन कार्यक्रम</u>

**(१) परिचय:** मकै नेपालको दोस्रो प्रमुख खाद्यान्न बाली र पहाडी जिल्लाहरुका लागि खाद्य सुरक्षाका दृष्टीले सबैभन्दा महत्वपूर्ण बाली हो । त्यसैगरी दलहन बालीहरुमा भट्मास निकै महत्वपूर्ण बाली हो । हाल बाँदर, बँदेल तथा सिंचाईको सुविधा नभएकाले मकै र भटमास लगाउने क्षेत्रफल र उत्पादन घटीरहेको छ भने पशुपन्छीका दानाको लागि मकै र भटमासको आयात बढी रहेको अवस्था छ । यसै सन्दर्भमा व्यवसायिक मकै/भटमास उत्पादन क्षेत्र निर्धारण गरी मकै/भटमासलाई दाना उद्योगसँग जोड्न यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२) प्राविधिक पक्ष**

(क) यस कार्यक्रमका लागि कृषक, कृषक समुह, कृषि सहकारी, सामुदायिक बीउ बैंक र कृषि फर्महरुले आवेदन दिन सक्नेछन ।

(ख) कार्यक्रम सञ्चालन गर्दा पहाड वा हिमालमा न्यूनतम १५ हेक्टर र तराईमा २० हेक्टरको क्लष्टर हुने गरी कार्यक्रम स्थल छनौट गर्नु पर्नेछ ।

(ग) सञ्चालन गरिने प्रमुख क्रियाकलापहरु

१. क्लष्टरमा अभिमुखिकरण तथा स्थलगत तालिम

२. बढी उत्पादन दिने नयाँ जातहरुको प्रदर्शन

३. उत्पादन सामग्री (बीउ, आदि)मा अनुदान

४. साना सिंचाई मार्फत सिंचित क्षेत्र विस्तार

५. बीउ उत्पादन

६. कृषि यान्त्रीकरण सहयोग

७. नविनतम प्रविधि प्रदर्शन

८. उत्पादित मकै/भटमास प्रशोधन, बजारीकरण तथा ढुवानीमा सहयोग

९. मकै/भटमास परिकारहरुको ब्राण्डिङ्ग तथा बजारीकण

(घ) दाना उद्योग र कृषक समुह/सहकारीबीच करार उत्पादन (Contract Production) सम्झौता गर्ने

**(३) आर्थिक पक्ष**

१. कार्यालयद्वारा सञ्चालन गरिने तालिम, अभिमुखिकरण, प्रदर्शनीका लागि अधिकतक शत् प्रतिशत अनुदान दिईनेछ ।

२. बीउ ढुवानीमा अधिकतक शत् प्रतिशत अनुदान दिईनेछ ।

३. अन्य क्रियाकलापहरुका लागि अनुदानको सिमा सुदूरपश्चि प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९ बमोजिम हुनेछ ।

(४) **प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) फर्म/कृषक/सहकारी संस्थाको दर्ता प्रमाणपतत्र (नियमानूसार नवीकरण समेत भएको हुनु पर्ने) र स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

(ख) फर्म/कृषक/सहकारी संस्थाको गत आर्थिक वर्ष सम्मको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि वा नियमानूसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपि

(ग) कार्यक्रममा सहभागी हुने कृषकको नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि

(घ) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि

(ङ) जग्गाको लालपुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि

(च) आवेदकसँग रहेको लगानीका स्रोतहरुको आधार

३७. <u>जलवायु मैत्री कृषि गाउँ (Eco Village) स्थापना सञ्चालन</u>

(१) **परिचयः** जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा प्रतिकूल असर परिरहेको सन्दर्भमा जोखिम न्यूनीकरण गर्न र जलवायुमैत्री पर्यावरणीय प्रविधि, असल अभ्यास र पद्दतिहरुको प्रयोग गर्दै कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्न तथा समानुकुलन पद्धति कृषकहरुलाई सिकाउन जलवायुमैत्री नमुना कृषि गाउँ (Eco Village) कार्यक्रम सञ्चालन गरिएको छ ।

(२) **कार्यक्रमको प्राथमिकता :** कार्यक्रम सञ्चालन गर्दा देहाय क्रियाकलापलाई प्राथमिकता दिइनेछ ।

(क) जलवायु अनुकूलित प्रविधि र अभ्यासहरु (Climate Resilient Technologies and Practices)
(ख) असल कृषि अभ्यास (Good Agriculture Practices)
(ग) पर्यावरणीय खेती (Ecological Farming)
(घ) स्थानीय नवप्रवर्तन र कृषि यान्त्रिकीकरण (Local Innovation and Agriculture Mechanization)
(ङ) सशक्त सामुदायकि संस्था (Strong community institution)
(च) क्षमता विकास र सह-सिकाइ (Capacity building and Co-learning)
(छ) सहकार्य र सह-लगानी (Partnership and Co-financing)

(३) **<u>सञ्चालन गर्न सकिने कार्यक्रम तथा प्राविधिक अभ्यासहरु:</u>**

| **क्र.सं.** | **बाली** | **प्रविधि र अभ्यास** |
|---|---|---|
| १ | तरकारी तथा फलफूल बाली | तरकारी खेतीमा असल कृषि अभ्यास (प्लाष्टिक घर, थोपा सिंचाई, प्राङ्गारिक मल, जैविक विषादीको प्याकेज समेत |
| | | तराई क्षेत्रमा केरा, आँप, लिची, अम्बा, मेवा, भुँईकटहर, कागति<br>पहाडी क्षेत्रमा अमिलो जात, अम्बा, लिची, नासपति, घीउ फल, केरा, मेकाडामिया नट<br>हिमाली क्षेत्रमा स्याउ, नासपति, एप्रिकोट, ओखर, आरु बखडा |
| | | जरेबाली (तरुल, ओल, पिँडालु) |
| | | एकीकृत शत्रुजीव व्यवस्थापनका कृषक पाठशाला, बाली उपचार शिविर |
| २ | खाद्यान्न बाली | मिश्रित बाली, अन्तर बाली, घुम्ती बाली |
| | | धान गहुँ तथा मकैमा सहभागितामूलक जातीय छनौट प्रदर्शन |
| | | धानमा एस आर आई, सुख्खा तथा रोग सहन सक्ने जातको प्रयोग |
| | | बाली उपचार शिविर |
| ३ | खाद्यतत्व व्यवस्थापन सम्बन्धी अभ्यासहरु | माटो परिक्षण तथा माटो शिविर |
| | | गोठे मल सुधार |
| | | हरियो मल वा छापो प्रविधि |
| | | कान्ला/आलीमा भुई घाँस, कोशेबाली |
| | | गहुँ तथा लसुनमा न्यून तथा शुन्य खनजोत प्रविधि |
| ४ | पानी व्यवस्थापनका प्रविधि तथा अभ्यास | खेरा गएको पानी संकलन संरचना जस्तै आकाशे पानी |
| | | लिफ्ट सिंचाई (सौर्य उर्जा,  बिजुली पम्प) |
| | | सौर्य वा विद्युतीय उर्जामा आधारित सिंचाई |
| | | पानी संकलन पोखरी |
| | | पानी स्रोत संरक्षण र सरसफाई |

(४) **अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयबाट सञ्चालन हुने यस कार्यक्रममा नियमावली बमोजिम अनुदान प्रदान गरीनेछ ।

## परिच्छेद-३
## विविध

३८. **लेखा तथा लेखापरीक्षण** : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

३९. **वातावरणीय प्रभाव मुल्यांकन:** अनुदान कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डमा उल्लिखित कार्यक्रममध्ये कुनै कार्यक्रम सञ्चालन गर्दा प्रचलित नियम कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने भएमा त्यसको व्यवस्था अनुदानग्राही स्वयंले गर्नु पर्नेछ ।

४०. **नियमावली बमोजिम हुने:** अनुदानको सूचना,अनुदानग्राहीको छनौट तथा भुक्तानी लगायतको प्रक्रिया सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ बमोजिम हुनेछ।

४१. **निर्देशन दिन सक्ने:** यस मापदण्ड बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले कार्यालयलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

४२. **अन्य कानून लागू हुने:** यस मापदण्डमा उल्लेख भएको कुरा यसै मापदण्ड बमोजिम र यस मापदण्डमा उल्लेख नभएको कुरामा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ र प्रचलित कानून बमोजिम हुनेछ।